नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)
सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्याः प्र.सु. ०७८/७९ चलानी नं:

# प्रशासन पत्रिका १३५ औं अङ्कको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रूपमा प्रकाशन हुने प्रशासन पत्रिका (जर्नल) को १३५ औं अङ्कका लागि देहायमा उल्लिखित विषयक्षेत्र तथा ढाँचामा ३ हजारदेखि ५ हजार शब्दसम्मको मौलिक, अनुसन्धानमूलक लेख रचनाहरू **२०७८ पुस ३० गतेभित्र** यस मन्त्रालयको प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखामा वा सोको विद्युतीय प्रति **admin.reform.section@mofaga.gov.np** मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

**विषयक्षेत्रहरू**

- सार्वजनिक प्रशासनमा व्यावसायिकता
- आर्थिक विकास
- सङ्घीयताका विविध आयामहरू
- सिर्जनशील प्रशासन
- सार्वजनिक नीति
- सार्वजनिक प्रशासन
- विकास व्यवस्थापन
- नैतिकता र निष्ठा
- मानव संशाधन विकास
- सुशासन
- सार्वजनिक निजी साझेदारी
- प्रशासन सुधार
- सदाचार तथा शिष्टाचार प्रवर्द्धन
- सार्वजनिक सेवा प्रवाह
- व्यवस्थापन परीक्षण
- सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध (राजनीतिक, प्रशासनिक, वित्तीय लगायत)

**लेख रचनाको ढाँचा**

- लेखसार (Abstract)(सङ्क्षिप्त),
- शब्दकुञ्जी (Keywords),
- भूमिका वा विषयप्रवेश,
- विषयवस्तुको विश्लेषणात्मक प्रस्तुति,
- निष्कर्ष,
- सन्दर्भ सामग्री ।

**अन्य विषयहरू**

- सन्दर्भ सामग्रीहरू अनिवार्य रूपमा एपीए ढाँचा (APA Style 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।
- लेखकको सङ्क्षिप्त परिचय, इमेल, मोबाइल नम्बर र एक प्रति पासपोर्ट साइजको फोटो लेखसँग संलग्न राखी उपलब्ध गराउनु पर्नेछ ।
- लेख रचना नेपाली भाषामा भएमा कालीमाटी (वा युनिकोड नेपाली) र अङ्ग्रेजी भाषामा भएमा Times New Roman फन्ट (Font size 12) मा टाइप भएको हुनुपर्नेछ ।
- प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने सम्बन्धी अधिकार सम्पादक मण्डलमा रहनेछ । अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।
- उल्लेखित ढाँचामा नभएका, अन्यत्र प्रकाशन भैसकेका, अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरु प्रकाशन गरिने छैन ।
- यस पत्रिकाको लागि पठाइएका लेख रचना यो अङ्क प्रकाशन नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन ।
- प्रकाशित लेख रचनाका लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ Email: info@mofaga.gov.np